# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७५ को नियम १११ सँग सम्बन्धित)

सम्माननीय सभामुखज्यू

प्रतिनिधि सभा, नेपाल

सम्माननीय राष्ट्रपति महोदयबाट मिति २०८० साल जेठ ५ गते शुक्रवार संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनमा उल्लेखित आ व २०८०/८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३८ को उपनियम २ बमोजिम यो संशोधनको सूचना पेश गरेको छु ।

| क्र.स. | बूँदा | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|
| | | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | ५ | वर्तमान सरकार... रिपोर्ट कार्ड नियमित रुपमा प्रस्तुत गर्ने वाचा गर्नुभएको ... को सट्टा | "... रिपोर्ट कार्ड महिनाको अन्तिम शुक्रवार प्रधानमन्त्री कार्यालयको वेभसाइटमा Gantt chart र Infographics मार्फत सबैले सजिलोसँग बुझ्ने गरी प्रस्तुत गर्ने छन् । साथै असार १५ गते सम्म हरेक बुँदाको (यस नीति तथा कार्यक्रममा लेखिएका) मापन रेखाचित्र (milestones with timeline) प्रधानमन्त्री कार्यालयको वेभसाइटमा राखिनेछ ..." | रिपोर्ट कार्डको लागि पहिला त सफलताको परिभाषा चाहिन्छ र त्यसको हिसाबले काम भयो कि भएन भनेर मूल्याङ्कन गर्ने हो । सबैले बुझ्ने गरी रिपोर्ट कार्ड बनाउनुपर्‍यो । |
| २ | ११ | संविधान र ..., उत्पादन र रोजगारी बृद्धि .... को सट्टा | "... उत्पादन र रोजगारी हरेक महिनामा न्यूनतम ५% ले बृद्धि, ... " | सूचक र लक्ष नराखी काम गर्दा परिणामुखी नहुने भएकोले |
| ३ | २८ | विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाइनेछ। | विकास ... बनाइनेछ  र समयमा जसका कारण कार्य सोचे र तोके अनुरुप सम्पादन हुदैन, सतर्कता केन्द्र र अख्तियार दुरुपयोग आयोगले छानबिन गर्नेछ । | |
| ४ | ३१ | कृषि क्षेत्रकाो उत्पादन .... क्रमशः आत्मनिर्भरता हासिल गरिनेछ । | कृषि क्षेत्रको ... क्रमशः गोलभेडा, काउली, गाँजर, केरा, बन्दा, च्याउ, आलु, प्याज, इत्यादि तरकारीमा यो आर्थिक वर्षमा आत्मनिर्भरता हासिल गरिनेछ । | |
| ५ | ३४ | खाद्यान्न भण्डागृहको क्षमता ... | खाद्यान्न प्रशोधन र भण्डारगृहको क्षमता... | |
| ६ | ३८ | रासायनिक मल ... गराइनेछ। | रासायनिक मलको खरिद सहजिकरण र अनुदानमा रेड टेप हटाएर समयमै उपलब्ध गराइनेछ | |
| ७ | ५६ | लामो समयदेखि ... ल्याइनेछ | ...ल्याइनेछ । हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्ट कारखानालाई सञ्चालनमा ल्याइनेछ । साथै यी सबै कारखानाहरूमा बेथितिको अध्ययन गराई सो बेथिति बसाउने कर्मचारी, संचालक समिति र जेनेरल म्यानेजरहरू जो सुकै भए पनि भ्रष्टाचारको दायरामा ल्याएर कारवाही गरिनेछ । | |
| ८ | ६४ | पेट्रोलियम ... राखिनेछ। | EV रुपान्तरणलाई प्रोत्साहन दिने र त्यसलाई कानूनत सडकमा गुड्न दिने । ७ वर्ष पुराना सरकारी स्वामित्वका दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सबै सवारीलाई रुपान्तरणमा प्राथमिकता दिने र त्यसै अनुरुप चार्जिङ्ग स्टेसनहरूको निर्माण गर्ने । निजी क्षेत्रमा सार्वजनिक यातायातका साधनहरूलाई प्रोत्साहन हुने गरी कार्यक्रमहरू ल्याउने । EV रुपान्तरणलाई व्यपकता दिने । टेस्टिङ्ग र सेफ्टी प्रोटोकलहरू र उपकरणहरू सरकारले बनाउने | |
| ९ | ६७ | "धार्मिक तथा ... सुन्दर र आकर्षक ..." | "धार्मिक तथा ... सफा, अपाङ्गमैत्री, सुरक्षित बनाउन ..." | |
| १० | ७० | "नयाँ हिमाल ... गरिनेछ" | "नया ... गरिनेछ। साथै यस क्षेत्रको लागि चाहिने जनशक्तिको लागि तालिम र नेपालीहरू मार्फत नै सकेसम्म यस्ता आरोहणहरू प्रोत्साहन गर्न चाहिने मार्केटिङ्गमा पनि सहयोग गर्ने ।" | |
| ११ | ७२ | "नेपाल वायुसेवा निगमको पुन:संरचना गरिनेछ" | "यसै आर्थिक वर्षभित्र CAAN लाई नियमक र सेवा प्रदान गर्ने गरी पुनः संरचना गरिनेछ" | |

| | | | | |
|---|---|---|---|---|
| १२ | ८० | "सरकारी कार्यालयहरूमा ... लिइनेछ" | "सरकारी कार्यालहरूमा यो आर्थिक वर्षमा पेट्रोलियम, डिजेल वा विद्युतीय सवारी कुनै पनि सवारी साधन खरिद गरिने छैन । " | |
| १३ | ८७ | "शहरी ... गरिनेछ " | "शहरी ... गरिनेछ । साथै राजमार्ग वरिपरि रहेका युवा तथा अन्य क्लबहरूलाई First Aid र First Responder तालिम दिइनेछ।" | दुर्घटना हुने बित्तिकै सहयोग मिलोस् भनेर |
| १४ | ९५ | "सञ्चार ... गरिनेछ" | "सञ्चार ... गरिनेछ । यसका लागि चाहिने आवश्यक समन्वय र स्वामित्वको लागि शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र अरु सबै सम्बन्धित मन्त्रालयहरूको बजेट र कार्यक्रम भएको निर्धारण गरेर मात्रै गरिनेछ" | |
| १५ | ९७ | "सरकारी ... गरिनेछ" | "... यसको कार्यको औचित्य पूर्तिको लागि चाहिने तालिम प्राप्त जनशक्तिको लागि शिक्षा मन्त्रालयसँग समन्वय गरिनेछ । साथै डाटा दुरुपयोग गर्नेलाई कडा कार्वाही हुने गरी कानून निर्माण गरिनेछ । | |
| १६ | ९८ | | थप गर्न पर्ने "... माथि जे सुकै लेखिएको भएता पनि नागरिकको वाक स्वतन्त्रता माथि कुनै पनि कानून लगाएर त्यसलाई संकुचित गरिनेछैन । यद्यपि नेपालको संविधानले सुरक्षित गरिएको मौलिक हकहरू कायमहुने गरी वाक स्वतन्त्रताको परिभाषा आउने गरी कानून बनाइने छ। साथै मिडिया काउन्सिलले आफ्नो सबै गतिविधि Infographics बनाई आफ्नो वेभसाइटमा राख्नेछ । " | |
| १७ | १०१ | | थप गर्न पर्ने "भौतिक र उर्जा मन्त्रालयसँग समन्वय गरेर मात्रै काम गरिनेछ ।" | |
| १८ | १०२ | साविकको बूँदालाई निम्नानुसार बनाउने | "हुलाकलाई पूनर्जागरण गर्न Digital Address र निजी लोजिस्टिक्स कम्पनीहरूसँग समन्वय गरेर काम गरिनेछ ।" | |
| १९ | १०३ | | थप गर्न पर्ने "... छपाइ र सफ्टवेयर डेभेलपमेन्टमा पूर्ण नेपाली कम्पनीहरूलाई प्राथमिकता दिइनेछ ।" | |
| २० | थप | | भ्रष्टाचार विरुद्ध अभियानको लागि चाहिने तथ्याङ्क र अनुसन्धानको लागि न्यापालिकामा digital archive र searcheable database लागू गरिनेछ । न्यायपालिकाको फैसला दर बढाउन चाहिने बजेट दिइनेछ ।<br>नीतिगत भ्रष्टाचार घटाउन अहिले खरिद ऐन तथा अन्य अन्यहरूको Post legislative study गरिनेछ र यी ऐनहरूमा चाहिने परिमार्जनहरूको लागि यसै वर्षभित्र सरकारले नयाँ विधेयकहरू ल्याउने छ । | |

(१) नाम, थर: सुमना श्रेष्ठ　　　　क्र. स.: २५२　　　　मिति २०८०-०२-०६

दस्तखत: